म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १३६ शुक्रबार, ९ पुस २०७८ पञ्चमी ने. सं. ११४२ चिलागा 24 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

रिद्धिसिद्धि खानी विवाद

समस्या सुल्झाउने प्रयत्न

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१५ रातोमाटोमा संचालित रिद्धिसिद्धि सिमेन्ट उद्योगको खानी विवादबारे सर्वदलीय, सर्वपक्षीय छलफल गरिएको छ ।

जिल्लाको विकट क्षेत्र राक्सिराङ-४ गिङ्गुमा खानी संचालन गर्दै आएको रिद्धिसिद्धिमा खानी विवाद चर्किंदै आएको थियो । स्थानीयले बस्ती क्षेत्र जोखिम, खानी क्षेत्रमा मनलाग्दी उत्खनन्-लगायतका समस्या राख्दै आएका थिए । स्थानीयको माग सम्बोधन बिना अघि बढ्दा चर्किएको विवाद बारे गाउँपालिकाको पहलमा छलफल अघि बढाइएको हो ।

स्थानीयको गुनासो, माग र खानी संचालनका अप्ठ्यारा बारे सरोकारवालाले ध्यान दिंदै छलफल अघि बढाएका हुन् । छलफलमा खानी सञ्चालन गर्न कसैले अवरोध गर्न नहुने र खानी सञ्चालनको नाउँमा स्थानीयका माग र सम्झौताहरुलाई मिच्न नहुने आवाज उठेको हो । छलफलमा रहेका प्रतिनिधिहरुले खानी संचालनमा पूर्ण रुपमा रोक नलगाउँदै उत्खनन् अघि बढाउने र स्थानीयको मागलाई उच्च ध्यानमा राखेर सम्बोधन गरेर अघि बढ्न सुझाव दिएका थिए ।

नेपाली काँग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, राप्रपालगायत राजनीतिक दलका गाउँपालिका तहका प्रतिनिधिहरु तथा जनप्रतिनिधि र उद्योगका प्रतिनिधिहरुबीच छलफल भएको थियो । छलफलले गाउँपालिका अध्यक्ष राजकुमार मल्लको नेतृत्वमा सबै राजनीतिक पार्टीका प्रतिनिधिहरु र प्रभावित वडाका वडाध्यक्षहरु सम्मिलित समिति निर्माण गरी खानी सञ्चालनका लागि स्थानीय बासिन्दाको मागहरुका सम्बन्धमा सहजीकरण गर्ने निर्णय गरेको छ ।

समितिले स्थलगत अवलोकन र अन्य विवादका कुराहरुबारे अनुसन्धान गरी प्रतिवेदन पेस नगरेसम्म डुंगा उत्खनन् कार्य हुन नदिने र हालका लागि बाटो निर्माण कार्यलाई अघि बढाउने निर्णय भएको छ । समितिका सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला र सल्लाहकारहरुमा माननीय ओमबहादुर ग्लान, सन्त-बहादुर चेपाङ र गोविन्दराम चेपाङ रहेका छन् ।

'समितिले अब स्थानीयका मुद्दाहरु संकलन गरी आवश्यक सहजीकरण गर्नेछ', समितिका संयोजक समेत रहेका गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भने 'सबैखाले समस्याहरु र तिनको समाधानका बारेमा हामी सामूहिक निर्णय गर्छौं र आवश्यकता

अनुसार सिमेन्ट उद्योगलाई निर्देशन दिएर समस्या हल गर्छौं ।'

छलफलमा मनहरीबाट पहाडी गाउँहरुमा पुग्ने सडकहरुमा अत्यधिक धूलो उडेकाले नियमित रुपमा पानी हाल्नुपर्ने व्यवस्था हुनुपर्ने कुरा उठान भएको थियो । त्यसैगरी स्थानीय युवाहरुले आफ्ना तर्फबाट दुवानीका साधनहरुको व्यवस्था हुने भन्दै क्षमता अनुसारको रोजगारी र व्यवसायको अवसर दिनुपर्ने माग गरेका थिए ।

स्थानीय सरोकार समितिको तर्फबाट भने खानी क्षेत्रको पहिचान भएका क्षेत्रहरुका प्रभावित बासिन्दाहरुको उचित व्यवस्थापन नभएको, ढुंगा गुल्टेर घरमा आउने अवस्था रहेको जस्ता समस्याहरु प्रस्तुत भएको थियो । ढुंगा उत्खनन् गर्दा तल्लो भेगका पानीका मुहान सुकेको र धमिलिएको पनि छलफलमा कुरा उठेको थियो ।

उद्योगका सम्बन्धमा उठेका कुराहरुको जबाफ दिंदै उद्योगका तर्फबाट खानीका महाप्रबन्धक गणेश कुमार सिंहले स्थानीयसँग भएको सम्झौताको कार्यान्वयन बिस्तारै हुँदै गइरहेको बताए । उनले पीडित र प्रभावितहरुको जग्गा बिक्री गरी केही व्यक्तिहरुले बिचल्ली पारेको सन्दर्भमा उठेको सबालमा उनीहरुको न्यायका निम्ति जिल्ला प्रशासन कार्यालयमा जानका लागि आफूले सहजीकरण गरेको र आगामी दिनमा पनि सहयोग गर्ने बताए ।

कार्यक्रममा वडाध्यक्ष सञ्जय कोइरालाले आफूले केही दिनअघि जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखि माननीय क्षति नहोस् भन्ने हेतुले सबैलाई जानकारी गराएपनि खानी क्षेत्रमा पुग्ने बाटो जबरजस्त बनाएर भन् द्वन्द्व बढाउने काम भएको भन्दै असन्तुष्टि व्यक्त गरे ।

उनले वार्ता र छलफलका लागि आफूले जिल्ला प्रशासन कार्यालयसहित सबैलाई ध्यानाकर्षण गराएको भन्दै खानी बन्द गर्ने लक्ष्य कसैको नरहेको बताए । वडा नं ५ का वडाध्यक्ष चन्द्रसिंह चेपाङले बाटोको अवस्था राम्रो नभएको र धुलो उठेर पैदल यात्री तथा साना सवारी साधनलाई अप्ठ्यारो पर्ने गरेको बताए ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणप्रसाद न्यौपानेले कानूनी प्रक्रिया पूरा गरेर आएको उद्योगले जनतासँग गरेका वाचा पूरा नगरेको भन्दै असन्तुष्टि व्यक्त गरे । र, तत्कालै स्थानीयका माग सम्बोधनका लागि ध्यान दिन उद्योगका प्रतिनिधिहरुलाई आग्रह गरे । संविधानसभा सदस्य गोविन्दराम चेपाङले खानी सञ्चालनको विषयमा सरोकारवालाहरु जानकार हुनुपर्ने र निरन्तर छलफल र वार्ता बाटै समस्या समाधान निस्कनुपर्नेमा जोड दिए ।

नेपाली काँग्रेसका बीरेन्द्र जिम्बा, नेकपा एमालेका सिंहराम रुम्बा (रोहन), नेकपा माओवादी केन्द्रका इन्द्र थिङ्, नेकपा एकीकृत समाजवादीका ज्ञानेन्द्र तामाङ, राप्रपाका सर्बश्री मुक्तान, सञ्चारकर्मी शिवकुमार काशी, सरोकार समितिका अध्यक्ष गोपाल मुक्तान, युवा व्यवसायीको तर्फबाट क्षेत्रबहादुर मुक्तानलगायतले व्यवसायिकताको कुरा मात्रै भन्दा पनि खानी सञ्चालनको विषय आम सरोकारवालाको विषय भएकाले बिगतमा गरिएका गुपचुपका सहमति र सम्झौताका कारण समस्या आइरहेको बताए ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा कार्यक्रम भएको हो भने प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले सहजीकरण गरेका थिए । बैठकमा बानियाँ निर्माण सेवाका नवराज खतिवडा, मोतिदान कन्ट्रक्सनका रामबहादुर गौतमको पनि उपस्थिति थियो भने मनहरी र राक्सिराङ गाउँपालिका क्षेत्रका युवाहरुको बाक्लो उपस्थिति रहेको थियो । राक्सिराङ-४ नं वडाध्यक्ष सञ्जय कोइरालाले केहि साताअघि मकवानपुरका प्रमुख जिल्ला अधिकारीसमक्ष पाँच बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् ।

उनले समस्याको हल नभएसम्म खानी सम्बन्धी कुनै पनि क्रियाकलाप गर्न नदिन प्रमुख जिल्ला अधिकारीसमक्ष माग गरेका थिए । वडाध्यक्ष कोइरालाले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा प्रस्तुत गर्नु भएको ध्यानाकर्षण पत्रमा प्रमुख जिल्ला अधिकारीसहित सरोकारवालाहरु बसेर मनहरी-चैनपुर-रतुवा-खैराडहुँदै कैलाश गाउँपालिकासम्म अस्थायी बाटो निर्माणका लागि रिद्धिसिद्धि सिमेन्ट उद्योगलाई आग्रह गर्ने भनिए पनि बाटो निर्माण गरिँदा वातावरणीय प्रभाव मूल्यांकन नभएको स्थान अर्थात सिमेन्ट उद्योगको खानी क्षेत्रमा समेत अघि बढेकाले तत्काल उक्त कार्य बन्द गर्न आग्रह गरे थिए ।

स्थानीय सल्लाघारी सामुदायिक वन क्षेत्रमा पर्ने ४.५ किलोमिटर उक्त सडक निर्माण गर्दा यसअघि पनि सामुदायिक वनका पदाधिकारीहरु वन सम्बन्धी मुद्दा बोक्न बाध्य भएको घटना वडाध्यक्ष कोइरालाले स्मरण गराएका थिए । २०७८ साल कात्तिक २८ गतेका दिन रिद्धिसिद्धि सिमेन्ट उद्योगको खानी क्षेत्रमा रहेको मोतीदान कन्ट्रक्सन प्रा.लि.को प्र-०३-०१-००३ नंको एक्साभेटरमा आगजनी गरी ध्वस्त पारिएको र अन्य दुईवटामा क्षति पुऱ्याइएको घटनाले गाउँका बासिन्दा त्रसित रहेकाले उक्त घटनामा संलग्नहरुलाई तत्कालै पकाउ गरी कारबाही गर्न मागसमेत अघि बढाइएको थियो ।

रिद्धिसिद्धिमाथि खानी सञ्चालन गर्नुअघि स्थानीयबासिन्दा, जनप्रतिनिधि, व्यवसायी, खानी सञ्चालक र सरोकारवालाहरुबीच पटक पटक भएका सहमति र सम्झौता कार्यान्वयन नहुँदा उत्खनन्कर्ता कम्पनीहरु बानियाँ निर्माण सेवा र मोतीदान कन्ट्रक्सन प्रा.लि.ले स्थानीय व्यवसायीहरुलाई पाखा लगाउने, समन्वय नगर्ने र बलजुती प्रहरी र प्रशासन प्रयोग गरी काम लगाउने शैली अपनाएको आरोप छ ।

जसका कारण स्थानीय व्यवसायीहरुबीच झडप, कुटपिट, भागदौड र मुद्दामामिला बढी वातावरण असहज भइरहँदा मानवीय क्षति समेत हुन सक्ने अबस्था देखिएकाले तत्कालै स्थानीय बासिन्दाको मागको सम्बोधन र यसअघिको सहमति तथा सम्झौताको कार्यान्वयनका लागि पहल गर्नुपर्ने जनप्रतिनिधिहरुले माग राख्दै आएका छन् ।

सदन चल्न नदिने एमालेको अडान

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले मुख्यमन्त्री राजेन्द्र पाण्डेले आफ्नो अभिव्यक्ति फिर्ता लिएर माफि नमागेसम्म सदन सञ्चालन गर्न नदिने अडान लिएको छ ।

एमाले बागमती प्रदेश मुख्य सचेतक दीपक निरौलाले मुख्यमन्त्री पाण्डेले धादिङमा आफ्नो पार्टी नेकपा (एकीकृत समाजवादी)को कमिटी नभएको स्थानमा बजेट नदिने भनेर बोलेको विषयमा स्पष्ट पारेर माफी नमागेसम्म सदन सञ्चालन गर्न नदिने बताएका हुन् ।

'सरकार जथाभावीरुपमा काम गरेर मनपरी बोल्दै हिँडिर हेको छ । पार्टीको कमिटी बनाएर बजेट निकासा गर्ने व्यवस्था कहाँ छ ?', उनले यदि उक्त अभिव्यक्ति गलत भएको भए सञ्चारमाध्यमलाई मुद्दा हालेर अगाडि बढ्न समेत मुख्यमन्त्री पाण्डेलाई चुनौती दिए । मुख्यमन्त्री पाण्डेले उक्त अभिव्यक्ति आफूले नदिएको र एनिमेसन गरेको बताइरहेका छन् ।

निरौलाले एमाले सदनमा अनुपस्थित भएको विषयमा प्रष्ट्याउँदै भने, 'सभामुखले कार्य व्यवस्था परामर्श समितिको बैठक नै नराखी सदन अगाडि बढाउनुभयो । सदनको कार्यविधि र नियमावली बाहिर गएर विपक्षी दलसँग सल्लाहै नगरी बैठक राख्न मिल्छ ?' उनले अर्को सूचना नभएसम्मका लागि प्रदेशसभाको बैठक स्थगित भएसँगै आफूहरु घर फर्किएको बताए । 'हामी फर्किसकेपछि बैठकको सूचना आयो जसको कारण सदनमा उपस्थित हुन सकिएन,' उनले भने ।

एमालेले सदनमा उठाएको प्रश्नको जबाफ सत्तापक्षले नदिएको भन्दै बिहीबार बिहान ११ बजे बसेको बैठकमा अवरोध सिर्जना गरेको थियो । विपक्षीको अवरोधसँगै सभामुख सानुकुमार श्रेष्ठ अर्को सूचना नभए सम्मका लागि बैठक स्थगित गरेका थिए । प्रदेशसभा सचिवालयले दिउँसो २ बजेका लागि प्रदेशसभाको बैठक बोलाइएको थियो । उक्त बैठक दुईघण्टा ढिला गरी सुरु भएको हो ।

सभामुख श्रेष्ठ र मुख्यमन्त्री राजेन्द्र पाण्डेबीच सदनमा जवाफ दिने विषयमा छलफल भएसँगै प्रदेशसभाको बैठक बोलाइएको थियो । तर, यस बैठकमा एमाले सांसदहरु अनुपस्थित भएका थिए । प्रदेशमा रहेको विपक्षी दलहरुले सरकारलाई मन्त्रालय विभाजनको औचित्य पुष्टि गर्न चुनौती पेस गरेका थिए ।

प्रदेशसभामा विपक्षीमा रहेका एमाले, विवेकशील साझा, नेपाल मजदुर किसान पार्टी र राप्रपाको संयुक्त बैठकले मन्त्रालय विभाजन, मन्त्री तथा राज्यमन्त्री थप गरिएको विषयको औचित्य सदनबाटै पुष्टि गर्न चुनौती दिएका थिए ।

थाहा नगरमा हट्यो शव ढुवानीको समस्या

शम्भु अधिकारी

थाहा नगर/थाहा नगर पालिका वडा नम्बर ४ का संजय थिङ घाँस काट्ने क्रममा रुखबाट लडे । उपचार गर्न नभ्याउँदै उनको ठाउँको ठाउँ ज्यान गयो । सिमभन्ज्याङका थिङ डाले घाँस काट्न रुख चढेका थिए ।

आर्थिकस्तर कमजोर भएका उनी अर्केको घरमा काम गर्न बस्थे । संजयको ज्यान गएपछि पोष्टमार्टम गर्नु अनिवार्य थियो । यसका लागि हेटौंडा वा काठमाण्डौं पुऱ्याउनुपर्ने उत्तरी मकवानपुरका पालिकाबासीहरुको बाध्यता हो । यो बाध्यताले संजयका परिवार लाई पनि छोडेन ।

आर्थिक अवस्था कमजोर भएका उनका परिवार र आफन्तले जसोतसो स्थानीय ट्रिपरलाई कुरो मिलाए-शव हेटौंडा पुऱ्याएको मात्र २० हजार । शव बोक्ने सवारीका लागि धेरै अनुरोध गर्नुपर्ने करुणाभूमि सामुदायिक वनका अध्यक्ष बिनोद लामाले बताए ।

लामा भन्छन् 'शव बहान नहुँदा गाडीहरुले लास बोक्न मान्दै मान्दैनन्, हेटौंडाबाट शव बहान आउन उस्तै मुस्किल हुन्छ ।' उनका अनुसार आत्महत्या र दुर्घटनामा परी ज्यान गएकाहरुको पोष्टमार्टम गर्नका लागि मृतकका परिवारले मोटो रकम खर्च गर्नुपर्ने बाध्यता छ ।

सिमभन्ज्याङका संजय थिङका परिवारले जस्तै दामनकी डोल्मा शेर्पाले आफ्नी छोरीको मृत्युमा निकै दुःख पाइन् । एकातिर परिवारको शोक अर्कोतिर पोष्टमार्टमका लागि सवारी शव बोक्ने सवारी नपाउनुहो पीडा भनिसाध्य नहुने लामा बताउँछन् । यस्तो दर्जनौं समस्यामा सहजीकरण गरेको लामाको अनुभव छ । उनी भन्छन् 'सहजीकरण गरिन्छ तर आर्थिक भार घटाउनै सकिदै सकिदैन, कतिपयले त ऋण गरेर पोष्ट मार्टम गराउनुपर्ने बाध्यता छ ।'

यि दुई परिवार त प्रतिनीधि पात्र मात्र हुन् । थाहानगर र छिमेकी पालिकाहरुले यस किसिमको अतिआवश्यकीय सेवा नपाउँदा भन दुःख पाएका छन् । नागरिकको यो समस्यालाई समाधान गर्न थाहा नगरपालिकालेले शव बहान सेवा संचालन गर्ने भएको छ । थाहानगर र छिमेकी गाउँ-पालिकाहरुलाई समेत सेवा दिने उद्देश्यले शव बहान संचालन सेवा शुरु गरिने नगर प्रमुख लवशेर विष्टले बताए ।

थाहा नगरपालिकालाई उक्त सेवा संचालनका लागि टिष्टुङ बज्रवाराही नेवाः पुचःले सवारी साधन उपलब्ध गराएको हो । पालिकामा ७ पौषमा एक कार्यक्रमका बीच सम्पूर्ण आम्दानी खर्च पालिकाकै हुने गरी पुचःले बा ८ च २६५ नम्बरको सवारी उपलब्ध गराएको हो । यसको संयोजन थाहा नगर पालिका वडा नम्बर ६ का प्रमोद जोशीले गरेका थिए । जोशी राष्ट्रिय उपभोक्ता मञ्चका थाहानगर अध्यक्ष हुन् ।

शव बहान नुहँदा मकवानपुरकै कैलाश गाउँपालिकाका एक परिवारले शव पोष्टमार्टमका लागि अस्पतालसम्म पुऱ्याउन ४० हजार तिर्न परेको दुखद खबरपछि जोशी समस्या समाधानको खोजीमा लागेका थिए । पारिवारिक शोकमा झन आर्थिक पीडा थपिने आवस्थालाई समाधान गर्न विभिन्न संघ संस्थामा शव बहान माग गरेको जोशी बताउँछन् । उनी भन्छन-'टिष्टुङ बज्रवाराही नेवा पुचःले सहयोग गर्न तत्परता देखाइ सहयोग गर्यो धेरै खुशी लाग्यो ।' उनले सहयोग गर्ने संस्था र टिमलाई प्रशंसा सहित धन्यवाद दिए ।

सवारी साधनको आम्दानी खर्चमा पुचः सहभागी नहुने सम्झौतासहित अध्यक्ष हरिगोपाल श्रेष्ठले सवारी साधन पालिकालाई हस्तान्तरण गरेका हुन् । हस्तान्तरण सम्झौतामा पालिकाको तर्फबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरे र पुचःका अध्यक्ष श्रेष्ठले हस्ताक्षर गरेका छन् भने थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्ट र उपप्रमुख खड्ग गोपाली साक्षी बसेका छन् । पुचःको तर्फबाट संरक्षक बिनोद महर्जन, महासचिव खिल बहादुर बलामी, कोषाध्यक्ष बाहान नारायण महर्जन, र सदस्य बैकुण्ठ श्रेष्ठ हस्तान्तरण सम्झौतामा साक्षी छन् ।

हस्तान्तरण कार्यक्रममा पुचःका अध्यक्ष हरिगोपाल श्रेष्ठले नागरिकहरुलाई सहज सेवाको लागि शव बहान सवारी साधन सहयोग गरेको बताए । उनले सहयोगको भरपुर प्रयोगमा ल्याउन नगर पालिकालाई अनुरोध गरे । शव बहानका लागि सवारी साधन उपलब्ध गराएकोमा नगर प्रमुख लवशेर विष्टले टिष्टुङ बज्रवाराही नेवा पुचः लाई धन्यवाद दिए । नागरिकको विभिन्न आवश्यकताहरु पूरा गर्ने सन्दर्भमा पुचःले नगर पालिकालाई पुऱ्याएको योगदानको उच्च प्रशंसा गरे ।

नगर प्रमुख विष्टले शव बहान नियमित संचालनको व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरे । उनले भने-'शव बहान संचालनको कार्यविधि निर्माण गरी नागरिकको सेवामा लगाउँछु, दाता संस्था ढुक्क हुनुस् ।' सम्झौता अनुसार शव बहानको जनशक्ती व्यवस्थापन, मर्मत संभार, आम्दानी खर्च व्यवस्थापन पालिकाले नै गर्नुपर्ने उल्लेख छ ।

शव बहान मर्मत संभार गरेर पनि संचालन हुन नसक्ने अवस्था भएमा कार्यपालिकाबाट निर्णय गरी दाता संस्था टिष्टुङ बज्रवाराही नेवा पुचः लाई हस्तान्तरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ । त्यस्तै शव बहानमा 'टिष्टुङ बज्रवाराही नेवा पुचः मा को सहयोगमा थाहा नगरपालिकाबाट संचालित शव बहान' लेख्नुपर्ने पनि उल्लेख गरिएको छ ।

हर्नामाडीमा राष्ट्रिय चित्रकला कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडाको हर्नामाडीमा राष्ट्रिय चित्रकला कार्यशाला सञ्चालन भइरहेको छ । हेटौंडा-१८ स्थित ज्योति माध्यामिक विद्यालयमा अध्ययनरत् विद्यार्थीले कार्यशालामा भाग लिएका छन् ।

विद्यालयले विगत ४ वर्षदेखि आफ्नो वार्षिकोत्सकको अबसरमा अतिरिक्त क्रियाकलाप गर्दै आइरहेको थियो । यसवर्ष ५५ औं स्थापना दिवस मनाउने क्रममा विद्यालयले राष्ट्रिय चित्रकला

कार्यशाला आयोजना गरेको हो । विद्यालयमा १ हजार २ सय विद्यार्थी अध्ययन गरिरहेका छन् । कार्यशालामा राष्ट्रिय तथा स्थानीय कलाकार, शिक्षकलगायत विद्यार्थीहरुले चित्रकला कोरिरहेका छन् ।

कार्यशालाबाट विद्यार्थीले आफ्ना कला र संस्कृतिलाई उजागर गर्न सक्ने विश्वास विद्यालयले लिएको छ । हेटौंडा-१८ नम्बर वडाका वडा अध्यक्ष अनिलकुमार बानियाँको प्रमुख आतिथ्यता तथा ज्योति मध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलको सभाध्यक्षतामा कार्यशाला उद्घाटन गरिएको हो । चित्रकला कार्यशाला १२ पुससम्म सञ्चालन हुने अध्यक्ष रम्तेलले जानकारी दिए । कार्यशालालाई सम्बोधन गर्दै वडा अध्यक्ष बानियाँले विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदै क्षमता वृद्धिमा ध्यान दिएकोमा विद्यालयलाई धन्यवाद दिए ।

उनले वडा कार्यालयले शैक्षिक विकासमा सहयोग गर्दै आइर हेकोले आगामी दिनमा पनि यसलाई कायम राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विद्यालयका प्रधानाध्यापक जयराम थापाले स्वागत मन्तव्य राखेका थिए । उनले विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप अत्यावश्यक रहेपनि विद्यालयसँग पर्याप्त आर्थिक स्रोत नभएकाले समस्या हुने गरेको बताएका छन् ।

संवाददाता आवश्यकता

यस साझाकुरा दैनिकका लागि एक जना पुरुष संवाददाता (रिपोर्टर) आवश्यकता

परेकोले निम्नलिखित योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहोला ।

योग्यता: प्रविणता तह उत्तीर्ण (+2 पास) ।

अनुभव: कम्तीमा एक वर्ष ।

तलब: आपसी समझदारीमा तय गरिनेछ ।

(पत्रिकामा काम गरेको अनुभव र पत्रकारिता अध्ययन गरेकालाई बिशेष प्राथमिकता ।)

साझाकुरा राष्ट्रिय दैनिक

सम्पर्क: ०५७-५२११९५
इमेल: sajhakura@gmail.com

कर्मचारी आवश्यकता

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशिल:
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।

होटल म्याक्स
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

साझाकुरा

हाम्रो कुरा

कृषि उत्पादन बढाऔं

अधिकांश नेपालीले गर्ने कृषि कार्य निर्वाहमुखी बनिरहेको छ । कृषिलाई दैनिक जीविकोपार्जनको आधारमात्र नबनाएर समृद्धिको आधार बनाउनतर्फ सम्बद्ध पक्षको ध्यान जान सकेको देखिँदैन । पछिल्ला केही वर्षदेखि सरकारले कृषिमा आधुनिकीकरण गर्न केही नयाँ कार्यक्रम र सहयोगको प्याकेजहरु ल्याएको भए पनि प्रभावकारी बन्न सकेको छैन । कृषिको आधुनिकीकरणमार्फत् नेपालको समृद्धि हासिल गर्ने कुरा काममा भन्दा भाषणमा बढी भइरहेको छ । यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ ।

पछिल्लो समय देशमा कृषि क्षेत्रमा आकर्षण बढ्नुको साटो घटिरहेको छ । दिन प्रतिदिन खेतीयोग्य जमिन घटिरहेको छ भने भएका जमिन पनि बाँझो भइरहेको छ । कृषिलाई व्यावसायिक बनाउनुपर्ने नेपाली युवाहरु भने विदेशका जमिन उर्वर बनाउन लर्को लागेर विदेशिँदैछन् । नेपालमै कृषि उत्पादनको ठूलो बजार भए पनि पर्याप्त कृषि उत्पादन हुन नसक्दा अधिकांश कृषि वस्तु आयातमा निर्भर हुनु परिरहेको छ । अहिले नेपालमा झण्डै चालीस अर्ब रुपियाँको खाद्यान्न भारतबाट आयात भइरहेको छ । झण्डै बीस अर्बको चामल, सात अर्बको मकै, पाँच अर्बको गहुँ र तीन अर्बको धान भारतबाट आयात हुन्छ । यहाँसम्मकि पहाडी र हिमाली क्षेत्रमा उत्पादन हुने कोदो, फापरजस्ता खाद्यान्न पनि भारतबाटै आयात गर्नुपर्छ । कागती, धनियाँको पात र सयपत्री फूलसमेत भारतबाट आयात हुन्छ भन्ने सुन्दा धेरैलाई अनौठो लाग्नसक्छ । तर, यथार्थ यही हो । अनधिकृत प्लटिङ र युवा जनशक्ति विदेश पलायन हुँदा ठूलो परिमाणमा जमिन बाँझो हुँदै गएको छ । खेतीपाती गरिरहेका न्यून वर्गका कृषकहरुलाई पनि कृषि कार्यमा सहजता पक्कै छैन । कृषिको विकासमा राज्यको सहयोग पर्याप्त र प्रभावकारी नभएका कारण कृषकहरु सधैँ मारमा परिरहेका छन् । कृषि उत्पादन वृद्धिका लागि आवश्यक माटोको प्राविधिक जाँच, बीउ, मल र बिषादीको सर्वसुलभता, कृषि उत्पादनको बजारीकरणसम्मको पहुँच र सुविधा सहज बनाउनेतर्फ सरकारको ध्यान जान सकेको छैन ।

कृषि उत्पादन वृद्धि गरी कृषि वस्तुमा देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । यसका लागि युवालाई कृषि क्षेत्रमा आकर्षित गर्नुपर्छ । यसका लागि कृषिलाई आधुनिक र व्यावसायिक बनाउनु पर्छ । कृषिलाई पनि उद्योगकै रुपमा स्थापित गर्नुपर्छ । गत वर्षदेखि सरकारले कृषि उत्पादन बढाउन थालनी गरेको सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्रका कार्यक्रमलाई प्रभावकारी बनाउँदै व्यापकरुपमा विस्तार गर्नुपर्छ । हरेक प्रदेशमा एक-एकवटा बालीको सुपरजोन, हरेक जिल्लामा कृषि जोन, हरेक गाउँमा ब्लक र पकेट क्षेत्र निर्धारण गरी सोहीअनुसार सहुलियत र प्रोत्साहन गर्नुपर्छ । कृषि क्षेत्रलक्षित कार्यक्रमबाट वास्तविक किसान लाभान्वित हुनुपर्छ । सामुहिक र सहकारीमार्फत् गरिने कृषिलाई आवश्यक सहयोग र सहजीकरण गर्नुपर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १० गते शनिबार २५ डिसेम्बर २०२१ । पुस कृष्ण षष्ठी । थिंलागा षष्ठी ११४१ । सूर्योदय ६:५१ र सूर्यास्त ५:१५ मा हुनेछ । क्रिसमस-डे ।

आजको राशिफल

मेष	: आफन्तजन भेट	तुला	: अध्ययनमा बाधा
वृष	: भित्रजन भेट	वृश्चिक	: धन प्राप्ति
मिथुन	: प्रेममा सफलता	धनु	: शत्रुबाट मुक्त
कर्कट	: शुभ कार्यको थालनी	मकर	: धन नष्ट
सिंह	: सुख प्राप्ति	कुम्भ	: मिष्ठान्न भोजन
कन्या	: यात्राको योग	मीन	: आलश्यता

अस्मिता मधेसका



तृषेशचन्द्र लाल

तत्कालीन ब्रिटिश र गोर्खाका शाह शासकहरूबीच सम्पन्न सुगौली सन्धिबाट नेपालको दक्षिणी, पूर्वी र पश्चिमी राजनीतिक सीमा निर्धारित भएदेखि नै चौतर्फी अति शोषण, विभेद र अपमानको सामना गर्दै आइरहेका छन् मधेसी र थारूहरू । उनीहरू २०६३ माघ ५ बाट आफ्ना अधिकार र समानताको मागका साथ सडकमा ओर्लिएका थिए । नेपालगञ्जमा मधेसीहरूमाथि राज्य र सम्प्रदायिकतावादीहरूबाट भए गरिएका विभत्स आक्रमण, अन्तरिम संविधान निर्माण गरिंदा दिइएको धोखा आदि विभिन्न घटनाको प्रतिक्रियास्वरुप उठेको त्यो स्वत:स्फूर्त आन्दोलनको त्यतिखेर कुनै लिपिबद्ध रूपमा अगाडि सारिएका माग थिएन । आन्दोलनमाथि अपनत्व दाबी गर्नेहरू धेरैपछि मात्र मागको सूची बनाएका थिए । समूहपिच्छे फरक फरक सूचीहरू तयार पारिएका थिए ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आन्दोलनरत पक्षलाई दुई पटक सम्बोधन गरे । तर आन्दोलनकारी संगठनबाट संस्थागत रूपमा आधिकारिक धारणा राख्ने कोही थिएन । यो विना अल्टिमेटम, विना आह्वानको आन्दोलन थियो । मधेसीहरूमाथि अकारण दमनको मानसिकताको सामूहिक प्रतिकार थियो । हरेक मूलधारीय संघर्ष र अन्य क्रियाकलापमा सहभागिता राष्ट्रिय धारमा समावेश हुने उत्कट आकांक्षाको आन्दोलन थियो । भोगैदै आइरहिएको भूतको उकुसमुकुस, वर्तमानमा देखिएको विभेद तथा दमनको बढ्दो मानसिकता र भविष्यको अन्धकारमय चित्रित हुने दृश्यप्रतिको यो सामूहिक प्रतिकार र अन्याय विरुद्धको चित्कार थियो । त्यसैले यसलाई कसैको अग्रसरताले उठेको भन्नु बेठीक हुनेछ, यो मधेशीहरूको स्वत:स्फूर्त आन्दोलन थियो ।

२०६३ माघको जाडोमा उठेको मधेस आन्दोलनबाट मधेसको अस्मिताको प्रस्फुटन भएको थियो । अस्मिता अर्थात् अस्तित्वको, परिचयको र हैसियतको । मधेसको त्यो पहिलो आन्दोलन जो वास्तवमा जनविद्रोह थियो, त्यसले दुईटा मान्यता खोजेको थियो । पहिलो आफ्नो छुट्टै अस्तित्वको यथार्थ र दोस्रो विविधताको सम्मानसहित हरेक किसिमबाट समानताको व्यवहारको अपेक्षा । अस्मिताको लागि यस जनविद्रोहले पहिचान र स्वाभिमानको खोजी गऱ्यो र त्यसको निमित्त जस्तोसुकै विकट संघर्षको प्रतिज्ञा प्रकट गऱ्यो । बिस्तारै मधेस जनविद्रोहका माग परिभाषित हुँदै गए र नेपालको इतिहासमा विविधताको सम्मानको यो पहिलो जनआग्रह बन्यो । यी माग, न्यायसंगत, उचित र प्रवेश थिए । यसले समवेत राष्ट्रियताको परिभाषा अगाडि सार्‍यो । यसभन्दा पहिले यस देशमा विविधताको सम्मान, समान अधिकार, विविधताले सजिएको वास्तविक राष्ट्रियता र लोकतन्त्रप्रति अटुट विश्वासको यस्तो समवेत जनआन्दोलन कहिले भएको थिएन । त्यसैले, राजनीति शास्त्रका विज्ञहरूले यस आन्दोलनको द्रुत गतिले विस्तार हुने, यसको ताकत बढ्दै जाने र यसै आन्दोलनले नेपालको राजनैतिक, सामाजिक परिवर्तन गरी अपेक्षित कायाकल्प गर्ने भविष्यवाणी गरेका थिए । २०६३/६४ र २०७२ को विशाल जनप्रतिरोध हुँदै मधेसको यो आन्दोलन जारी नै छ ।

मन्दता देखिन्छ, तर एजेन्डाको तिखोपन घटेको छैन । जुनसुकै वर्ग, क्षेत्र वा विचारका हरेक मधेसीमा यसको बुझाइ गहिरो र अर्थपूर्ण छ । यथास्थितिवादीहरूको तोडफोड र भेदनको नीति जति सक्रियताले गति सुस्ताए पनि सञ्चित बल घटेको छैन । अपितु गतिमा मन्दताको कारण खोज्नुपर्ने अहिलेको पहिलो आवश्यकता हो । मधेसका क्रान्तिकारी साथीहरूमा मन्दताको कुरा गर्दा ठेस पुग्न सक्छ । मसिहाको अर्थै नबुझी पगडी लगाउने कोसिस गर्नेहरूको रिसले नाकको घण्टी फुल्ला । तर, सत्य यही हो । यी कारणहरूको अन्त्य नगरिए सत्याग्रहयुक्त विद्रोह अगाडि बढ्न सक्दैन ।

जनविद्रोहमा आरोह अवरोहको तर, हुन्छ । पहिलो संविधानसभाको निर्वाचनपछि दोस्रोमा आउँदासम्म पहिलोबाट ओरालिनुको कारण आपसी मनमुटाव र सत्तातिर लेभिएका आँखाहरू थिए । तर, फेरि २०७२ मा भएको आन्दोलनले यी कमजोरीहरूलाई पार्श्वमा धकेलेको थियो । तैपनि नेतृत्वपंक्तिमा सत्ताको उत्कट लालसा र भोक आमचुनावपछि शान्त हुनुको सङ्ग भनै बढ्यो । अझ हतार नै भयो । एजेन्डा र विचारको मर्यादाभन्दा पनि मन्त्री बन्ने, आफ्ना नातेदारलाई उच्चासनमा सजाउने, मधेसी जनतले दिएको मत जनताकै कट्टरविरोधी लभको बाँसुरी बजाउने वा मधेसी-थारूलाई आँप र कटहर ठान्नेहरूसँग मोलतोल गरेर बेच्ने कामहरू मात्र भए ।

पार्टीका अध्यक्षहरू पार्टी र पार्टीले पाएको मत, देखिएको जनसमर्थन शाह राजाहरूले मुलुकलाई अर्जेको भने जसरी पैतृक वा आर्जनको ठाने, अहिलेको मन्दताको कारण आन्दोलन वा आन्दोलनकारीहरूमा रहेको त्रुटिको होइन । एक अकोर्लाई लोभ र स्वार्थवश दुस्मन नै ठान्ने गरीको मनमुटाव र एजेन्डाको स्थानलाई त्यागेर सत्तातिरका लाममा बढेका गोडाहरू हुन्, आन्दोलनको मर्यादा र चरित्रको भारी बिसाएर यथास्थितिवादको पंक्तिमा गोराफाट गर्न जानु हो ।

मधेसी र थारु जनतामा एजेन्डाको बलबुताले आन्दोलन अझै जारी रहे पनि यस आन्दोलनको अस्मिता र हैसियतमा विचलन, मन्दता वा झासको कारक नेतृत्वको कमजोरी हो । नभए यस्तो उल्टो गति हुने नै थिएन । आन्दोलनले मधेसी, थारु, आदिवासी जनजाति, दलित, मुस्लिम तथा विभिन्न कारणले पिछडिएकाहरूको पहिचानको एजेन्डा स्थापित गऱ्यो र समावेशितिराको माग मजबुत गऱ्यो । मधेस र थरुहटले यस्तो आन्दोलन नउठाएको भए शायद संविधानसभामा यी सवालहरू यति विधि उठ्न सक्ने थिएन । अन्तर्राष्ट्रिय समुदायको पनि यतातिर ध्यान जाने थिएन । सामाजिक रूपान्तरणको जे जति गति अहिले छ, त्यसभन्दा निकै कम हुन्थ्यो । ठुला भनिने दलका नेतृत्व यी सबै विषयवस्तुतिर कति गम्भीर, इमानदार र प्रतिबद्ध छन् भन्ने कुरा सबैलाई थाहा भएकै हो । तैपनि आन्दोलनको रापताप घट्दैछ । नेतृत्वपक्ति सत्ताको निमित्त अरूको पछि दगुर्ने, मुद्दालाई अपहेलित गरी तिनकै समीकरणमा सम्मिलित हुन मरिहत्ते गर्ने, धन र पगडीको लोभमा गिडगिडाउने मानसिकता अझै विद्यमान छ । यसले गर्दा आन्दोलनबाट प्राप्त परिवर्तनको स्वामित्व पनि सहजसँग पाउन सकेको छैन ।

नेतृत्वपक्तिमा विचारको स्थिरता देखिएन र मुद्दासँगै वैचारिक संगतताको पूर्णत: अभाव देखियो । मुद्दासँग सम्बद्ध वैचारिक विकासको खडेरी यतिसम्म देखियो कि आन्दोलनमा भाग लिनबाट आन्दोलनताका डराउनेहरू नाम मात्रले नै पनि धमिलो पानीमा माछा मार्न भ्याए र भजाए । फलस्वरूप यथास्थितिवादी र विरोधीहरूले चाहेजति अनुकूल वातावरण हाम्रा नेतृत्वपंक्तिको लोलुपताले सजिले पाए ।

मधेस र थरुहटको अस्मिता, हैसियत र राजनीतिक शक्तिमा झासको अर्को कारण पनि नेतृत्वपंक्तिमा सन्दर्भित विषयवस्तुबारे ज्ञान र कार्यक्षमताको अभाव हुनु हो । मधेस आन्दोलनको सबैभन्दा अन्तर्य भाव मधेसी र थारूको रूपमा संगठित शक्तिको निर्माण गर्नु हो । यस ममिलामा समेत नेताहरू खरो उत्रेनन् । समावेशीको नारा दिनेहरू स्वयं जातको पूर्वाग्रहले ग्रसित देखिए । समावेशीसम्बन्धि आफ्नै जे जति पूर्वधिवको पनि चरम दुरुपयोग गरे । यसका लागि प्राप्त कानुनी बाध्यतासहितको अवसरलाई खरिदबिक्रीको विषय बनाए । मनोनयन र नियुक्तिका अन्य अवसरहरूमा समेत यसै गरियो । शीर्ष पदमा आसीन हुनेहरू अर्थ र गहनता नै नबुझी आफूहरूलाई मसिहा घोषित गर्ने धुनमा लागे । आफूपछि आन्दोलनकारी नेतृत्वपक्ति नै विकसित हुन दिएनन् । विचार, मुद्दा र प्राथमिकताका कुरा गर्नेहरूसँग इन्द्रको सिंहासन डग्मगाए जसरी डराए ।

कार्यक्षमताको अभाव पनि त्यतिकै महसुस गरियो । संघीय सरकारमा सहभागी हुँदा जुन राजनीतिक शक्तिबाट उनको उद्गम छ, त्यससँग सम्बन्धित रंग कतै प्रतिबिम्बित भएन । मधेस र थरुहटका जनतासँग सम्बन्धित वा क्षेत्रका समस्यासँग जोडिने कुनै धार प्रकट भएर आएन । भाषण र प्रस्तुतिमा उनै पुराना शब्दको रटान मात्र आइरह्यो । एक मधेस एक प्रदेशको नारा त दिए तर प्रदेश २ बाहेकको मधेस र थरुहटको क्षेत्रमा उपस्थिति देखाउनमा उदासीन नै रहे । परिणामत: प्रदेश २ बाहेकको क्षेत्रमा सांगठनिक गतिविधि न्यून रह्यो । प्रदेश र मा सरकार चलाउने अभिभारा पाए पनि कार्यक्षमताको सवाल दयनीय नै रह्यो । लडिरहनु पर्ने ठुला पार्टीहरूको चरम नक्कलको सिवाय अरू केही प्रदर्शित हुन सकेन ।

भ्रष्टाचारको नियन्त्रण, स्वशासनमार्फत स्थानीय समस्याको अल्पकालीन र दीर्घकालीन आबधिक समाधान योजना तथा त्यस अनुरूपको कार्यान्वयन शैली कतै भेटिएन । हरेक योजना समान खरिद र कमिसनमा केन्द्रित रहे जस्तो भान भयो । कानुन, व्यवस्थापन, प्रयोग, जनशक्तिको ह्यलै नगरी करोडौँको मालसामान खरिद गरी थन्काएर कबाड बनाउने काम गरियो । सडक बने तर योजनाबद्ध र गुणस्तरीय नभई बजेट जेनतेन खर्च गरी कमिशन कुम्ल्याउने लक्ष्य राखेको देखियो । योजनाबद्ध निर्माण भएको भए अरू कमजोरीहरु सह्य पनि हुन सक्थ्यो तर त्यस्तो केही भान भएन । स्थानीय सरकारको निर्वाचन पार्टीगत आधारमा भए पनि सम्बन्धित पार्टीहरू स्थानीय सरकारका मुखियाहरूलाई आवश्यक न्यूनतम दिग्दर्शन, योजना वा प्राथमिकता पनि प्रदान गर्न सकेनन्, जसले गर्दा स्थानीय सरकारको कार्यशैली अस्तव्यस्त, भ्रष्टाचारवृद्धि, मनोमानी र गैरकानूनी अभ्यासतिर उन्मुख रह्यो ।

मधेस र थरुहट पार्टीको नेतृत्व वर्गमा संघीयताको मूलतत्व क्षेत्रीयता प्रतिको अवधारणा पनि स्पष्ट छैन । संघीय संरचना सहितको राज्यको मूल अवधारणा नै क्षेत्रमा स्वशासन र संघमा संघीय शासन हो । क्षेत्रको अवस्था, समस्या र आवश्यकता क्षेत्रीय स्वशासनको प्राथमिकता तय गर्दछ । यसको पहिचान गर्ने क्षेत्रीय राजनीतिक शक्ति भएन भने स्वशासनको अनिवार्य लक्ष्यको पूर्ति हुन सक्दैन । संघीय दलहरूको एजेन्डा प्रदेश र क्षेत्रको सन्दर्भमा फरक नै हुन्छ । यस अन्तर्यलाई मधेस र थरुहटका दलहरूले आत्मसात गर्न सकेनन् । तर्क के दिइयो भने मधेस र थरुहटले मात्र पहिचान, समानता, समावेशिता र विविधतायुक्त राष्ट्रियताको आन्दोलनलाई निष्कर्षसम्म पुऱ्याउन सक्दैन ।

एक्लैले सक्दैन भने कुरो केही हदसम्म ठिक हुन सक्छ, यद्यपि लक्ष्य असम्भव भने पक्कै छैन । मधेस र थरुहट आन्दोलनले आदिवासी जनजाति, दलित, मुस्लिम, पिछडिएको वर्ग, सिमान्तकरणमा परेका खसआर्य समेतलाई उद्वेलित पारेको थियो । अहिले त्यसमा पनि मन्दता देखिँदैछ । मधेसी र थरुहट केन्द्रित दलहरूको राष्ट्रिय स्तरमा रूपान्तरणको प्रयासले आन्दोलनको महत्ता नै न्यून गरेको छ । राष्ट्रिय विकल्पका नारा वा एकीकरण जस्ता सबै क्रियाकलाप सत्ताको राजनीतिक समीकरण निर्माणको निमित्त मात्र गरिएको अब प्रमाणित सरह नै छ ।

अब के गर्ने ?

मधेस थरुहटको ऐतिहासिक जनविद्रोहको अस्मिता, हैसियत र प्रभावको जगेर्ना गर्ने अथवा यसलाई अहिलेजस्तै चुहिएर बग्दै जान दिने ? वर्तमान नेतृत्वपंक्ति र तिनले गठन गरेका दलहरु प्राइवेट लिमिटेडको स्वरुपमा छन् । तिनको लक्ष्य एजेन्डाको सम्बोधनको पथ नभई मुनाफा प्राप्तिको व्यापार जस्तो भएको छ । यिनले मधेसी र थारूहरूको वृहत राजनीतिक शक्ति त के प्रतिबद्ध समूह पनि निर्माण गर्न सक्दैनन् । माथिबाट आवरण जस्तो जे देखिए पनि भित्रको स्थिति खोक्रो छ । यी दलहरुले चरित्र निर्माण गर्नुभन्दा पनि परिवर्तनकामी आन्दोलनकारीहरूलाई समेत भ्रष्टाचार र व्यक्तिगत स्वार्थको संस्कृतिको रङ्गमा रङ्दै गइरहेका छन् ।

अहिलेको आवश्यकता एउटा साहसी समूहको हो, जो अभीष्ट शक्तिको आधारशिला राख्न समर्थ होस् । एउटा यस्तो राजनीतिक शक्तिको निर्माण गर्न सकोस्, जसको आधार जात होइन, मधेसी र थारुको भावना होस् । सत्ता होइन पहिचान, समानता, समावेशिताको सम्बोधन होस् । भ्रष्टाचार विरुद्ध पारदर्शिताको अठोट, संघीय राज्यमा पूर्ण क्षेत्रीय स्वशासनको स्थापना र अव्यवस्थित होइन, सुविचारित सुनियोजित योजनाअनुसारको विकास जस्ता तत्त्वहरूमाथि अडिएको होस् । यो असम्भव होइन, अठोट भयो भने सम्भव छ ।

लेखक लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य हुन् । - साभार: रातोपाटी

एमसीसीबारे चीनको "अस्वाभाविक" चासो

रमेश कुमार

अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता व्यवस्थापिका संसदमा पेश गर्ने तयारीका बीच चीनले यसबारे देखाएको चासोले यो पेचिलो भू-राजनीतिक मुद्दा बन्न पुगेको देखाउँछ ।

चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका उपमन्त्री छन् चौले २७ मंसिरमा नेकपा (एमाले)का महासचिव शंकर पोखरेलसँग भिडियो वार्ता गरे । एमालेको १० औं महाधिवेशनबाट नवनिर्वाचित पोखरेललाई बधाई दिने मुख्य अजेन्डा भए पनि दुई कम्युनिष्ट पार्टीका नेताबीचको छलफल त्यतिमै सिमित रहेन । पोखरेलले 'एक चीन नीतिमा प्रतिबद्धता जनाउँदै चीन विरुद्धका कुनै गठबन्धन, चीन-नेपाल सम्बन्ध तथा नेपालमा चिनियाँ स्वार्थलाई अवमूल्यन गर्ने क्रियाकलापको विपक्षमा रहने' आश्वस्तता दिलाएको विभागले विज्ञप्तिमा उल्लेख गरेको छ । विज्ञप्तिमा सिधै एमसीसीबारे उल्लेख नभए पनि 'नेपालमा चिनियाँ स्वार्थलाई अवमूल्यन गर्ने कुनै पनि क्रियाकलाप' भन्ने वाक्यांशले त्यसप्रतिको चिनियाँ चासोलाई संकेत गर्छ ।

एमालेको केन्द्रीय प्रचार विभाग उपप्रमुख विष्णु रिजालले एमसीसी परियोजनाबारे उपमन्त्रीसँगै चिनियाँ कम्युनिष्ट पार्टीका अधिकारीहरूले नेपालका नेताहरूसँग सामान्य जिज्ञासा राखेको आफूले बुझेको बताए । 'छिमेकीले नेपालमा कार्यान्वयन हुन लागेको विकास परियोजनाका बारेमा जिज्ञासा राखेको होला,' उनले भने । उपमन्त्री छन्ले पोखरेलभन्दा अगाडि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसँग भिडियो वार्ता गरेका थिए । नेपालले पनि 'नेपालको भूमि हुँदै चीन विरुद्धका गतिविधि हुन नदिने' प्रतिबद्धता जनाएको पार्टीको अन्तर्राष्ट्रिय विभागले उल्लेख गरेको छ ।

नेपालले ५ पुसमा काठमाडौंमा समाजवादी प्रेस संगठनले आयोजना गरेको कार्यक्रममा पनि 'एमसीसीले छिमेकीहरूलाई असर गर्ने र नेपललाई अमेरिकी सैन्य गठबन्धनमा समावेश गर्ने भएमा यसलाई अस्वीकार गरिने' आशयको अभिव्यक्ति दिएका थिए । चिनियाँ कम्युनिष्ट पार्टीले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल सहितका नेतासँग पनि एमसीसीका विषयमा चासो राख्दै छलफल गरेको छ । एमसीसी सम्झौता अनुमोदनको रस्साकस्सी चलिरहँदा ७ पुसमा काठमाडौंस्थित चिनियाँ राजदूत होउ यान्छी एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगेकी थिइन् । अमेरिकी सहायताको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) संसद्मा पेश हुने चर्चाका माझ उत्तरी छिमेकीले यस परियोजनाका विषयमा चासो बढाएको पछिल्ला घटनाक्रमले देखाउँछ । चीन नेपालमा एमसीसी कार्यान्वयन नहोस् भन्ने पक्षमा रहेको चर्चाकै बीच उसको यस्तो चासो देखिएको हो । कतिपयले चीनले नेताहरूलाई एमसीसीबारे पुनर्विचार गर्न दबाब दिएको आशंका गरेका छन् । नाम उल्लेख गर्न नचाहने एक सरकारी अधिकारीले भने, 'चीन एमसीसी कार्यान्वयन नहोस् भन्नेमा रहेकोमा शंका छैन, उसले प्रस्टै रूपमा राजनीतिक नेतृत्वलाई आफ्नो इच्छा सुनाइरहेको छ ।' चीनसँग नजिक रहेको भनिँदै आएका सभामुख अग्निप्रसाद सापकोटाले पनि एमसीसी तत्काल अघि नबढ्ने आशय व्यक्त गर्दै आएका छन् ।

१३ माघ २०७६ मा सभामुखको पदभार ग्रहण लगत्तै सापकोटालाई बधाई दिन चिनियाँ राजदूत यान्छी संघीय संसद् सचिवालय पुगेकी थिइन् । चीनसँग नजिक भनी चिनिएका पूर्व सभामुख कृष्णबहादुर महराले पनि एमसीसी चीनलाई घेर्ने रणनीति अन्तर्गत आएकाले आफूले अघि बढाउन रोकेको सार्वजनिक रूपमा बताएका थिए । चीनका लागि पूर्व नेपाली राजदूत महेन्द्रबहादुर पाण्डे एमसीसीका विषयमा चीनले शुरूदेखि नै चासो राखिरहेको बताउँछन् । चीनको कूटनीतिक शैली नरम भएकाले उनीहरूले सोझै नभनी विभिन्न तरीकाले चासो दर्शाइरहेको उनको भनाइ छ । 'विकासका नाममा नेपालमा चीनलाई अप्ठ्यारो पर्ने गतिविधि भए उसले हेरेर बस्दैन भन्ने सन्देश चिनियाँहरूले दिइसकेका छन्,' उनले भने । एमसीसीबारेको चिनियाँ असन्तुष्टि वेलाबखत चिनियाँ अखबारका आलेख र विश्वविद्यालयका प्राध्यापक मार्फत पनि प्रकट भइरहेको छ । चीनको बेइजिङस्थित रन्मिङ विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक वाङ यिवईले गत कात्तिकमा नेपाल खबर अनलाइनलाई दिएको अन्तर्वार्तामा एमसीसी नेपालभित्र खेल्ने अमेरिकी चाल भएको बताएका थिए ।

पूर्व राजदूत पाण्डे प्राध्यापकका विचार वा लेख मार्फत चिनियाँ कम्युनिष्ट पार्टीको धारणा बुझ्न सहयोग पुग्ने बताउँछन् । कूटनीतिक मामिला विज्ञ गेजा शर्मा वाग्ले उदीयमान दुई शक्तिराष्ट्र भारत र चीनको बीचमा रहेको नेपालमा आउन लागेको अमेरिकी सहायता परियोजनाबारे दुवै छिमेकीको चासो देखिँदै आएको बताउँछन् । 'चासो मात्र होइन, परियोजनाबारे आरोप-प्रत्यारोप नै पनि भएको छ । त्यसैले नेपालको राष्ट्रहित र राष्ट्रिय आवश्यकताका आधारमा एमसीसी र चिनियाँ बीआरआई दुवै परियोजना कार्यान्वयन गर्नु नेपालका लागि उपयुक्त विकल्प हो,' उनले भने ।

सरकारले संसद्को चालू हिउँदे अधिवेशनमा एमसीसी सम्झौता अनुमोदनका लागि पेश गर्ने अनुमान गरिएको छ । तर, सत्तारूढ राजनीतिक दल नै यसबारे निष्कर्षमा पुग्न सकेका छैनन् । नेपाली कांग्रेस बाहेक सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र राष्ट्रिय जनमोर्चा एमसीसी सम्झौता जस्ताको तस्तै पारित गर्ने पक्षमा छैनन् । सत्ता साझेदार दलहरूले नै साथ नदिएपछि एमसीसी सम्झौता अनुमोदनको पक्षमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवा दबाबमा परेका छन् । उनले संसद्मा प्रमुख प्रतिपक्षी एमालेको अवरोध हटाउन र एमसीसीमा सहमति जुटाउन ४ पुसमा बोलाएको सर्वदलीय बैठकमा एमाले सामेल नै भएन भने अन्य दलका प्रतिनिधिले एमसीसी जस्ताको तस्तै पारित गर्न नहुने धारणा राखेका छन् । बैठकले एकीकृत समाजवादीका नेता चीनको बेइजिङस्थित रन्मिङ विश्वविद्यालयको अध्ययन गर्न अर्को समिति गठन गरेको छ । सरकारमा हुँदा एमसीसी सम्झौता अनुमोदनको पक्षमा रहेको एमालेले पछिल्लो समय एमसीसीबारे प्रस्ट धारणा राखेको छैन । अध्यक्ष ओलीले सत्ता साझेदार दललेे एमसीसीबारे निर्णय गरेपछि मात्रै आफ्नो पार्टीले निर्णय लिने बताएका छन् । यसले एमसीसी पेचिलो राजनीतिक मुद्दा बन्न पुगेको छ ।

चार वर्षअघि नेपालले ५०० मिलियन डलर (करीब रु.६० अर्ब)को एमसीसी परियोजना कार्यान्वयनका लागि सम्झौता गरेको थियो । मूलत: ऊर्जा प्रसारण लाइन र सडक निर्माणमा खर्च हुने यो परियोजनाले नेपालको सार्वभौमसत्ताको हित नगर्ने भन्दै विभिन्न दल र व्यक्तिले विरोध गर्दै आएका छन् । तर, अमेरिकाले यो परियोजना विशुद्ध आर्थिक सहायता रहेको र अन्य रणनीतिक स्वार्थ नभएको पटक पटक बताउँदै आएको छ ।

परियोजना अघि नबढेपछि यसको प्रगति बुझ्न गत भदौमा एमसीसीकी उपाध्यक्ष फतिमा सुमार र गत महीना अमेरिकी उपविदेशमन्त्री डोनाल्ड लुसे नेपाल भ्रमण गरेका थिए । दुवै अमेरिकी अधिकारीले एमसीसीका विषयमा शीघ्र निर्णय लिनुपर्नेमा जोड दिएका थिए । प्रधानमन्त्री देउवाले अमेरिकी अधिकारीहरूलाई एमसीसी संसद्बाट अनुमोदन गर्नेमा आश्वस्त तुल्याएका थिए । कांग्रेस बाहेकका सत्ता साझेदार दल एमसीसी पेचिलो विषय भएकाले अर्को वर्ष हुने निर्वाचनपछि मात्रै निर्णय गर्नुपर्ने पक्षमा छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफ्नो राष्ट्रिय सम्मेलनको मुखैमा एमसीसीको विषयमा निर्णय लिन नहुने अडान सत्ता साझेदारको बैठकमा दोहोऱ्याउँदै आएका छन् । माओवादी केन्द्रका अधिकांश नेता एमसीसी सम्झौता अनुमोदनको विपक्षमा छन् ।

- साभार: हिमालखबर

गौतम बुद्ध क्रिकेट रंगशालाको विद्युत लाइन काटियो

चितवन (रासस)/ अर्थिक अभावका कारण विगत पाँच महिनायता काम रेकिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको विद्युत् महशुल नतिरेपछि लाइन काटिएको छ ।

नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले बक्यौता बढी भएपछि बुधबार लाइन काटेको हो । प्राधिकरणको भरतपुर केन्द्रका इन्जिनियर राजेन्द्र पौडेलका अनुसार रंगशालाको विद्युत् महशुल आठ लाख ८७ हजार पुगेको छ । यो महशुल चार महिनादेखि भुक्तानी नभएपछि लाइन काटिएको उनले बताए । धुर्मुस सुन्तली फाउण्डेसनले निर्माणको नेतृत्व गरेको रंगशालामा आर्थिक अभाव भएपछि फाउण्डेसन निर्माणबाट पछि हटेको छ । फाउण्डेसनले १७ करोडभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको भन्दै स्वामित्व लिइदिन भरतपुर महानगर पालिकालाई अनुरोधसमेत गरेको छ । प्राधिकरणले मदिरा उत्पादक कम्पनी माउन्ट एभरेष्ट ब्रुवरीले ३७ लाख ४१ हजार बक्यौता तिर्न बाँकी रहेपछि सो उद्योगको पनि लाइन काटेको छ । यससँगै साना १२ फर्म तथा संस्थाको लाइन काटिएको पौडेलले जानकारी दिए । पचास हजारभन्दा बढी ग्राहक रहेको भरतपुर वितरण केन्द्रमा ६० दिन नाघेका बक्यौतासहित एक करोड ४० लाख हाराहारी महशुल उठ्न बाँकी रहेको कार्यालयले जनाएको छ । विगत केही वर्ष अघियस कार्यालयमा बक्यौता मात्र सात करोडसम्म पुगेको पौडेलले जानकारी दिए । पछिल्ला वर्षहरूमा महशुल असुलीमा कडाइ गरेपछि बक्यौता घटेको हो ।

आफूलाई बदल्न खोजिरहेका अनमोल

काठमाडौं /म्युजिक भिडियोमा नर्देखिने टिकटकमा नरमाउने, सार्वजनिक स्थानमा नजाने भएकै कारण नायक अनमोल केसी कहिलेकाहीं भिडियामाभ प्रस्तुत हुँदा उनीप्रतिको चासो धेरै हुने गरेको छ ।

चलचित्र 'ए मेरो हजुर ३' रिलिज भएपछि सञ्चारमाध्यममा निक्कै कम देखिएका अनमोल बुधबार काठमाडौंको एभरेष्ट होटलमा पुगे । एभरेष्ट होटलमा उपस्थित दर्जन बढी सञ्चारकर्मीभाफ प्रस्तुत भएका अनमोल केसीले नयाँ चलचित्र र आफ्नो बदलिंदो गेटअपको विषयमा कुरा गरेनन् ।

तर, मिडियाभाभ प्रस्तुत हुनुअघि सञ्चारकर्मीसँग अनौपचारिक कुराकानीका क्रममा अनमोलले आफूलाई बदल्नका लागि प्रयास गरिरहेको सुनाए । चलचित्र 'ए मेरो हजुर ४'मा काम गर्दा अनमोल दुब्लाएका थिए । उनको चकलेटी अनुहारलाई नै विशेषगरी युवती फ्यानहरूले रुचाएका थिए । तर, विगत केही महिनादेखि भने अनमोलको गेटअप मात्र होइन शारीरिक बनावट नै फेरिएको छ ।

नयाँ चलचित्र 'एस ९'का लागि अनमोल केसी ६ वर्षपछि शाकाहारीबाट मांसाहारी भए । उनी भन्छन्, 'मैले मासु रहरले भन्दा पनि कामका कारण खाएको हुँ । चलचित्रको छायांकन सकिएपछि म फेरि मासु खान छाड्छु ।' अहिले अनमोललाई आफ्नो शरीर लुकाउनु परेको छ । कारण, विगत केही महिनादेखि अनमोल जिममा दैनिक घण्टौं बिताउँछन् । उनी भन्छन्, 'अहिले त दिमागमा वर्कआउट र खानेकुराको मात्र सोच आउँछ । मैले त अहिले १ सय २० केजीसम्म उठाउन थालेको छु ।' यसअघि १३-१४ इञ्चका उनका पाखुरा अहिले १७ इन्चको भएका छन् । अनमोल केसीको गेटअप र उनको बढ्दो 'मसल' हेर्दा लाग्छ, उनी आफूलाई बदल्न खोजिरहेका छन् । अनमोल अगाडि भन्छन्, 'हामीले यहाँ विदेशी कलाकारको जसरी सबै सुविधा पाएर शरीर बनाउन सक्दैनौं । तर, नसक्ने भन्ने रहेनछ । मलाई एस ९ टिमले चार महिनाको मात्र समय दिएका थिए । मैले सक्दो गरिरहेको छु ।' अनमोलले अगाडि सुनाए, 'यति छोटो समयमा शरीर बनाउनु भनेको त जोखिमको काम हो नि । चार महिनामा शरीर बनाउँदा त कहिले ढाड नै मर्किने, मसल फाट्ने समस्या हुन्छ ।' १७ इन्चको पाखुराको तस्वीर देखाउँदै उनले भने, 'ल तपाईं नै छामेर हेर्नुहोस् त । अझै, वर्कआउट गर्नुछ । दर्शकका लागि नयाँ गेटअप र नयाँ स्वाद हुन्छ भन्ने लागेको छ ।' अनमोलले चलचित्र 'क्' मा काम गर्दा ६ महिना लगाएर ज्यान बनाएका थिए । तर, यसपटक उनले चार महिनाको मात्र समय पाएका छन् । अनमोल अगाडि भन्छन्, 'म कुनै पनि चलचित्र पैसा हेरेर गर्दिनँ । मैले लिने पारिश्रमिक मेरो काम, मेरो ब्राण्ड र मैले दिने समय अनुसार लिने गर्छु । चलचित्र निर्माताको सोच र उसले चलचित्र किन बनाउन खोजिरहेको छ भन्ने बुझेर म काम गर्छु ।'

अनमोल चलचित्रलाई सामान्य रुपमा मात्र लिएर काम गर्न आउने निर्माताको चलचित्र आफूले धेरै रिजेक्ट गरेको सुनाउँछन् । तपाईंले ब्राण्ड र चलचित्रमध्ये कुन बढी रिजेक्ट गर्नुभयो होला त भन्ने प्रश्नमा उनले भने, 'शायद, चलचित्र नै बढी गरें होला ।' अनमोलले चलचित्र 'होस्टेल'मा काम गर्दा उनलाई धेरैले चकलेटी भने । यहींबाट नै उनको फ्यान क्रेज पनि हवात्तै बढ्यो । तर, विस्तारै उनको अभिनयको आलोचना हुन थाल्यो । विशेषगरी उनलाई पुरुष दर्शकहरुले विभिन्न उपमा दिएर ट्रोल पनि बनाए ।

अनमोल यो विषयमा भन्छन्, 'दर्शकहरुले माया र आलोचना गरेर नै एउटा कलाकार अगाडि बढ्छ । मैले त्यसलाई आलोचना भन्दा पनि सुझावको रुपमा लिएको छु । यसैले त म आफूलाई बदल्न खोजिरहेको छु ।' अनमोलको 'ए मेरो हजुर ४' पछि 'एक्स ९' रिलिज हुनेछ । 'ए मेरो हजुर ४' मा अनमोललाई देखेका दर्शकले 'एक्स ९'मा उनलाई देख्दा पक्कै पनि फरक महसुस गर्नेछन् ।

चितवनमा अर्ना बचाउनै मुस्किल

चितवन (रासस)/ वंश विस्तार गर्ने उद्देश्यले यहाँ ल्याइएका अर्ना बचाउन मुस्किल भएको छ । विसं २०७३ का माघमा कोशीटप्पु वन्यजन्तु आरक्ष र सदर चिडियाखाना काठमाडौंबाट चितवन राष्ट्रिय निकुञ्जमा अर्ना ल्याइएको थियो ।

चितवन राष्ट्रिय निकुञ्जको पुरानो पदमपुर क्षेत्रमा ३० हेक्टर जमिनमा दुई खुल्ला खोर बनाएर अर्ना राखिएको छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार यसवर्ष साउनयता १० अर्ना मरेका छन् । तत्कालीन समयमा कोशीटप्पुबाट १२ र चियाखानाबाट तीन अर्ना ल्याइएको थियो । तीमध्ये ६ अर्ना बाढी र बाघका कारण मरेका थिए ।

विसं २०७४ का बाढीमा पाँच अर्ना मरेको थियो, भने एउटा बाघले खाएको थियो । त्यसयता चार पाडापाडी जन्मिएका थिए । उनका अनुसार यसवर्ष ६ भाले र ४ पोथी मरेका हुन् । खोरमा तीन वटा पोथी मात्र बाँकी छन् । विसं २०७५ को साउन ३१ गते पहिलो बच्चा जन्मिएको थियो । समूह बनाएर सबुसँग लड्नसक्ने भएपछि खुल्ला ठाउँमा छोड्ने उद्देश्यका साथ अर्ना ल्याइएका हुन ।

प्रमुख संरक्षण अधिकृत आचार्यले ५०सम्म अर्ना हुनसकेमा उनीहरुले खुल्लाठाउँमा सबुसँग लडेर जोगिन सक्छन् । निकुञ्जमा रहेको संख्या कम हुँदा छोड्नसक्ने अवस्था नरहेका कारण समस्या भएको हो । उनको भनाइमा कोशीमा बगेको पानी खाएका अर्ना यहाँ खोरभित्रको तलाउ र घाँसे मैदानमा लामो समय बस्न कठिन भएको देखिन्छ ।

उनले भने, "उपयुक्त बासस्थान र खानाकै कारण समस्या भए जस्तो देखिन्छ ।" ठूलो संख्या भएर छिटो छोड्न सकेमा सफलता मिल्ने उनको अनुमान रहेको छ । सन् १९६१ ताका यहाँ अर्ना रहेको बताइन्छ । त्यसयताको लामो समयमा वातावरणीय प्रभाव परिवर्तन भएका कारण पनि अर्ना टिक्न कठिन भएको हुनसक्ने बताइन्छ । निकुञ्जका वरिष्ठ पशुचिकित्सक डा विजयकुमार श्रेष्ठ पछिल्लो पटक मरेको अर्नामा निमोनिया देखिएको बताउँछन् । बासस्थान रहेको क्षेत्रमा बाढीका कारण प्रभाव परेको र बिरामी परेर अर्ना मरेको उनको भनाइ छ ।

मरेका अर्नाको एकीन कारण पहिचानका लागि नमूना राखिएको छ । पूर्ण परीक्षणपछि थप कारण पत्ता लाग्ने निकुञ्जले जनाएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेल यसैवर्ष अर्ना स्थानान्तरण गर्ने विषयमा प्रस्तावको तयारी गरेको बताउँछन् । उनको भनाइमा पाँच महिना मात्र राखेर बथान बनाएर छोड्न मिल्ने गरी अर्ना ल्याउनुपर्दछ ।

त्यसरी ल्याइएका अर्नालाई रेखदेखका लागि थप जनशक्ति परिचालन गरी पोसिलो खानाको व्यवस्था गरिने कँडेलले बताए । उनले भने, "छिट्टै अर्ना स्थानान्तरण गरेर वर्षात्सम्मका खुल्ला ठाउँमा छाड्नसक्ने गरी कामका लागि प्रस्ताव गर्दैछौं ।" छोटो समय विशेष निगरानीमा राखेमा उपयुक्त हुने उनको भनाइ छ । एक ठाउँमा मात्र अर्ना भएकाले रोगव्याधि र समस्या देखिएमा मासिन सक्ने भएकाले अन्यत्र स्थानान्तरण गर्नुपर्ने विभागको योजना रहेको छ ।

कंडेलले बथान बनाएर छोड्दा उनीहरुले चाहेको जस्तो बासस्थान पाउने भएकाले यसबाट बंश विस्तार गर्न सहज हुने जानकारी दिए ।

तत्कालीन समयमा २५ वटा अर्ना ल्याउने भनिए पनि कम संख्या ल्याएकै कारण समस्या भएको हो । अब ल्याउदा दुई/तीनवटा भाले ल्याउने र अन्य पोथी ल्याउने विभागको तयारी रहेको छ ।

अर्ना तीन/चार वर्षको उमेरपछि प्रजननयोग्य हुने गर्दछ । अर्ना स्वच्छ पानी, दलदल र घाँसे मैदानमा रमाउने गर्दछ । अर्ना भैंसी प्रजातीको हुने हुनाले सोही अनुसारको ब्याउने चक्र हुनेगर्दछ । यसको सरदर आयु २५ वर्ष हुने विज्ञहरु बताउछन् ।

पाँच महिनामा वैदेशिक व्यापार ६३ प्रतिशतले वृद्धि



काठमाडौं (रासस)/ चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापार ६३ दशमलव ५५ प्रतिशतले वृद्धि भएको छ । गत आवको सुरुको पाँच महिनामा पाँच खर्ब ७५ अर्ब रहेको मुलुकको वैदेशिक व्यापार चालु आवको सोही अवधिमा नौ खर्ब ४१ अर्ब पुगेको छ ।

भन्सार विभागद्वारा जारी पछिल्लो तथ्याङ्कानुसार गत आवका तुलनामा आयात ५९ दशमलव ५५ प्रतिशतले बढ्नेको छ । गत आवको पहिलो पाँच महिनामा पाँच खर्ब २५ अर्ब मूल्य बराबरको आयात भएकामा चालू आवको मंसिर मसान्तसम्म आठ खर्ब ३८ अर्ब पुगेको छ । त्यस्तै गत आवको पहिलो पाँच महिनाका तुलनामा चालु आवको निर्यात १०५ दशमलव ६१ प्रतिशतले बढेको छ । गत आवको मंसिर मसान्तसम्म ५० अर्ब पाँच करोड बराबरको निर्यात भएकामा चालु आवको समीक्षा अवधिमा एक खर्ब दुई अर्ब बराबरको निर्यात भएको छ ।

विभागकाअनुसार चालु आवको पहिलो पाँच महिनासम्मको अवधिमा वैदेशिक व्यापारमा वृद्धि भए तापनि मुलुकको व्यापार घाटा भने अघिल्लो आवको तुलनामा ५४ दशमलव ७ प्रतिशतले बढेर सात खर्ब ३५ अर्ब पुगेको छ । गत आवको पहिलो पाँच महिनामा व्यापार घाटा चार खर्ब ७५ अर्ब थियो । मुलुकको कुल वैदेशिक व्यापारमा गत आवको पहिलो पाँच महिनासम्म आयातको हिस्सा ९१ दशमलव तीन प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ४५ प्रतिशतले घटेर चालु आवमा ८९ दशमलव ०७ प्रतिशतमा आएको छ । त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २५ दशमलव ७२ प्रतिशतले बढेर १० दशमलव ९३ प्रतिशत पुगेको छ । यस्तो हिस्सा अघिल्लो आवको पहिलो पाँच महिनामा आठ दशमलव सात प्रतिशत थियो ।

चालु आवको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ । चालु आवको मंसिर महिनासम्म ४९ अर्ब दुई करोड बराबरको डिजेल आयात भएको देखिन्छ ।

त्यस्तै आयातमा भट्मासको कच्चा तेल दोस्रामा छ । नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनःनिर्यात गर्दै आएका छन् । चालु आवको पहिलो पाँच महिनामा ३३ अर्ब ६६ करोड मूल्य बराबरको करिब ९८ करोड लिटर भन्दा बढी भटमासको तेल आयात भएको देखिन्छ । त्यस्तै पाम आयल २४ अर्ब ६१ करोड, पेट्रोल २४ अर्ब १० करोड र एलपी ग्यास २३ अर्ब ११ करोड तथा टेलिफोन २० अर्ब ३५ करोडको आयात भएको विभागले जनाएको छ । त्यस्तै नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ । विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कानुसार स्वदेशबाट ३० अर्ब ५५ करोड बराबरको भटमासको तेल निर्यात भएको छ ।

व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ । सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि एक हो । भटमासको तेत जस्तै पाम तेल पनि कच्चापदार्थ आयात गरी प्रशोधनपश्चात् निर्यात हुने गरेको छ । सार्वजनिक विवरणानुसार चालु आवको पहिलो पाँच महिनासम्म २७ अर्ब ४२ करोड मूल्य बराबरको पाम तेल निर्यात भएको छ ।

त्यस्तै तीन अर्ब ७६ करोड बराबरको गर्नेचा तथा दुई अर्ब ६५ करोड मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ । सार्वजनिक तथ्याङ्कानुसार चालू आवको पहिलो पाँच महिनामा नेपालले भारतबाट करिब पाँच खर्ब तीन करोड मूल्य बराबरका वस्तु आयात गरेको देखिन्छ भने ८४ अर्ब १५ करोड मूल्य बराबरको वस्तु निर्यात गरेको छ ।

सोअनुसार नेपालको व्यापार घाटा भारतसँग मात्रै चार खर्ब १५ अर्बभन्दा धेरै रहेको देखिन्छ । त्यस्तै नेपालले चीनबाट एक खर्ब २२ अर्ब मूल्य बराबरका वस्तु आयात गरेकामा ३८ करोड १६ लाख मूल्य बराबरको वस्तु निर्यात गरेको देखिन्छ । विभागको विवरणानुसार सबैभन्दा धेरै वीरगञ्ज नाकाबाट दुई खर्ब ९० अर्बभन्दा बढी मूल्य बराबरको आयात भएको छ । त्यस्तै भैरहवा नाकाबाट एक खर्ब ३६ र त्रिभुवन विमानस्थल नाकाबाट एक खर्ब पाँच अर्बभन्दा बढी मूल्य बराबरका वस्तु आयात भएको देखिन्छ ।

नेपालले वीरगञ्ज भन्सारबाट ४९ अर्ब ४१ करोड, विराटनगर भन्सारबाट २८ अर्ब ५६ करोड तथा त्रिभुवन विमानस्थल नाकाबाट १४ अर्ब ४१ करोडभन्दा बढी मूल्य बराबरका वस्तु विदेश निर्यात गरेको छ ।

कांग्रेस समृद्ध नेपाल निर्माणका अभियानमा लाग्नेछ : नेता बस्नेत

काठमाडौं (रासस)/ नेपाली कांग्रेसका नवनिर्वाचित केन्द्रीय सदस्य जितजङ्ग बस्नेतले कांग्रेस समृद्ध नेपाल निर्माणको अभियानमा लाग्ने बताएका छन् ।

नेपाल तरुण दलका अध्यक्षसमेत रहेका उनका सम्मानमा बिहीबार तरुण दल केन्द्रीय कार्यालयमा आयोजना गरिएको 'सम्मान कार्यक्रम'मा उनले पार्टीको १४ औं महाधिवेशनले आगामी दिनमा पार्टीको भविष्य उज्ज्वल बनाएको बताएको हो ।

"कांग्रेसले आगामी दिनमा तीनै तहको निर्वाचनमा बहुमत ल्याएर समृद्ध नेपाल बनाउने अभियानमा लाग्नेछ," उनले भने । कांग्रेसलाई आगामी दिनमा ठूलो, राम्रो र जनताको पीरमर्का बुझ्ने पार्टी बनाउने उनको भनाइ थियो । आगामी तीनै तहको निर्वाचनमा तेरो मेरोभन्दा पनि राम्रो व्यक्तिलाई टिकट दिनुपर्ने उनले बताए । नेता बस्नेतले पार्टीका पूर्व सभापति एवं पूर्वप्रधानमन्त्री स्वर्गीय कृष्णप्रसाद भट्टराईले देखाएको इमान्दारिता र निष्ठाको बाटोमा हिँडेमात्र कांग्रेस बलियो बन्ने उल्लेख गरे । तरुण पार्टीको मेरुदण्ड भएकाले आगामी दिनमा तरुण दललाई बलियो बनाउनका लागि आफ्नो साथ र सहयोग रहने उनको भनाइ थियो ।

तरुण दलका उपाध्यक्ष उत्तम चापागाईंले अध्यक्ष बस्नेतको जीत सिंगो देशभरीको तरुणको जित भएको जनाउँदै तरुणका साथीलाई आगामी दिनमा समेटेर अगाडि बढ्न आग्रह गरे । संविधानको सफल कार्यान्वयनका लागि कांग्रेसको महत्वपूर्ण भूमिका रहेको उनले बताए ।

मनकामना केबलकार नियमित सञ्चालन

मुरिलन (रासस)/ नेपालकै पहिलो केबलकार मनकामना केबलकार नियमित सञ्चालनमा आएको छ । स्तरोन्नतिका क्रममा गियर बक्स र टावर मर्मतसम्भार गर्नुपर्ने भएकाले आइतबारदेखि चार दिनका लागि केबलकार सेवा बन्द गरिएको थियो ।

मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक उज्ज्वल शेरचनका अनुसार केबलकारको सेवा यही पुस ४ देखि ७ गतेसम्मका लागि बन्द गरी मर्मतसम्भार गरिएको हो । मर्मतसम्भार सकिएपछि आजदेखि केबलकार सेवा पुनः नियमित सञ्चालनमा ल्याइएको उनले बताए । केबलकार स्तरोन्नतिको चरणमा रहेको छ । कम्पनीले केबलकारमा प्रयोग हुँदै आएको एनालग कनेक्ट प्रणालीलाई डिजिटल प्रणालीमा स्तरोन्नति गर्न लागेको हो । चालु आर्थिक वर्षबाटै केबलकारलाई नयाँ प्रविधिमा लैजाने योजना रहेको कम्पनीले जनाएको छ ।

ब्लुबुक हराएको सूचना

यहि मिति २०७८ पुस २ गते हेटौंडा-५ बाट कान्तिराजपथ जाने क्रममा सवारी धनी: प्रभु बैक, श्रीनिवास इन्फ्रास्ट्रक्चर प्रालिको नाममा कायम रहेको सवारी नं ना १ क ६०३१ को टिप्परको ब्लुबुक हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा ९८४३११४२४ नम्बरमा सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

कलाकार सम्पदा संरक्षणमा सक्रिय

काठमाडौं (रासस)/ सर्वसाधारणलाई कलाप्रति आकर्षित गर्ने उद्देश्यका साथ अहिले २५ कलाकार वसन्तपुर क्षेत्रका सम्पदाको चित्र कोर्नमा व्यस्त छन् । हनुमानढोका दरबार सङ्ग्रहालय विकास समितिको आयोजनामा एक हप्तादेखि उनीहरु विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका क्षेत्रमा चित्र बनाउन लागिपरेका हुन् ।

शनिबारीय कला कार्यशाला समूहको सहकार्यमा भएको 'क्यानभासमा हनुमान ढोका प्रतिबिम्ब' चित्रकला कार्यशालामा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कूलपति कान्छाकुमार कर्माचार्य, प्रतिष्ठानका पूर्वकूलपति किरण मानन्धर, वरिष्ठ कलाकार ग्रेहन्द्रमान अमात्य, गोविन्दसिंह डंगोल, जीवन राजोपाध्यायसहित कलाकार सहभागी छन् ।

प्रत्येक कलाकारले कमीमा फरक फरक दुई चित्र बनाउनुपर्ने छ । एउटा चित्र समितिले राख्ने छ भने अर्को कलाकार स्वयमले प्रयोग गर्न सक्नेछन् । कलाकारले मुख्यगरी मूलचोक, त्रिशूल चोक, मोहन चोक र जलाशय नारायणको चित्र बनाएका छन् ।

शनिबारीय समूह चार वर्षदेखि प्रत्येक शनिबार ऐतिहासिक सम्पदाको चित्र बनाउनमा व्यस्त रहने गरेको स्थलगत कार्यशालाका संयोजक दिबेसमानसिंह प्रधानले जानकारी दिए । हरेक शनिबार सम्पदाको चित्र बनाउनकै लागि शनिबारीय कला कार्यशाला समूह काठमाडौं उपत्यकाको तीनवटै जिल्ला र कहीलेकाहीं उपत्यका बाहिरका जिल्लामा पनि जाने गरेको प्रधान बताउँछन् । चार वर्षदेखि अहिलेसम्ममा सम्पदाको मात्रै दुई हजारभन्दा बढी चित्र उतारिसकेको प्रधानले बताए ।

"चित्र बनाउने विषयवस्तु धेरै छन्, अझै पनि युवा पुस्तामा चित्रकलाप्रति आकर्षण कम छ त्यसमा पनि ऐतिहासिक सम्पदा प्राथमिकतामा पर्दैनन् त्यसैले सम्पदाकै चित्र बनाउने र त्यसलाई प्रदर्शनमा राख्न थालिएको हो", उनले भने ।" हाल तयार भइरहेको वसन्तरुको ऐतिहासिक सम्पदाको चित्र पनि यही पुस १२ गतेदेखि एक महिनासम्म प्रदर्शनीमा राखिने बताइएको छ ।

उक्त स्थानमा २५ कलाकारले करिब २५ चित्र बनाउने छन् । चित्र कोरेबापत उक्त समूहले कुनै परिश्रम लिने छैनन् । चित्र बनाउनका लागि आवश्यकपर्ने सामग्री समितिले प्रदान गरेको हो । तयार पारिएका चित्र सङ्ग्रहालमा राख्ने बताइएको छ ।

कार्यशाला समूहले अहिलेसम्म काठमाडौं उपत्यकामा रहेका विश्व सम्पदा सूचीमा सूचीकृत सात सम्पदामध्ये ५ वटाको चित्र बनाइसकेको छ । पशुपतिनाथको चित्र कोर्ने तयारी छ ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 984529214O, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हिमालै हाँसेको: मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकास्थित दामनमा रहेको भ्यू टावरबाट देखिने हिम श्रृंखलाहरु । भ्यू टावर स्थापनाकालमै हिमाल अवलोकन गर्न दूरबिन राखिएको छ । हाल भ्यू टावर बन्द हुँदा दूरबिनसमेत थन्काइएको छ । *तस्वीर: साझाकुरा*

लैङ्गिक हिंसाविरुद्ध नाटक प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-१० बसपार्क स्थित मानव बेचबिखन ओसारपसार तथा लैङ्गिक हिंसाविरुद्ध जनचेतना मुलक सडक नाटक कार्यक्रमको आयोजना गरिएको हो ।

उक्त कार्यक्रम जिल्ला प्रहरी कार्यालय मकवानपुर, सामुदायिक प्रहरी उप-सेवा केन्द्र बसपार्क र माइती नेपाल मकवानपुरको संयुक्त आयोजनामा भएको हो ।

प्रहरी निरीक्षक चुडा कुमारी खड्कासहितको टोलीले समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सानाहातहरु नेपाल र प्रहरी चौकी बसपार्कको समन्वयमा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष किताब सिंह लामा, सामुदायिक प्रहरी उप-सेवा केन्द्र बसपार्कका अध्यक्ष प्रदिप कडेल, माईती नेपाल मकवानपुरका संयोजक माया लामा स्थानिय जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, महिला संजाल संस्थाका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो ।

थपिए ६ हजार मतदाता

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा ६ हजार २ सय ७० जना नयाँ मतदाता थपिउका छन् ।

मंसिर १७ देखि २ पुससम्म जिल्लामा ६ हजार २ सय ७० जना मतादाता थपिएका हुन् । जिल्लाको ५ स्थानीय तह, जिल्ला प्रशासन कार्यालय मकवानपुर र बागमती प्रदेश निर्वाचन कार्यलय, हेटौंडामा मतदाता बन्ने उमेर पुगेहरुले नामावली दर्ता गराएसँगै जिल्लामा मतदाता थपिएको जनाइएको छ ।

प्रदेश निर्वाचन कार्यलय हेटौंडाकी सूचना अधिकारी सम्झना ढकालका अनुसार, पहिलो चरणमा जिल्लाको बकैया गाउँपालिकामा १ हजार ३२१ जना, मनहरीमा १ हजार २४४ जना, मकवानपुर गढीमा १ हजार ९९ जना, इन्द्रसरोबरमा ६ सय ३८ जना र भीमफेदी गाउँपालिकामा ४ सय ५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् ।

बागमती प्रदेश निर्वाचन कार्यलयबाट ९ सय ९१ जना, जिल्ला प्रशासन कार्यलयबाट ३ सय ७६ जना र बाह्य जिल्ला दर्ता (ओडिआर)बाट १ सय ९६ जनाले दर्ता गराएको सूचना अधिकारी ढकालले बताइन् । उनले दोस्रो चरण अन्तर्गत पुस ५ बाट हाल जिल्लाको थाहा नगरपालिका, कैलाश गाउँपालिका, राबिसराङ गाउँपलिका र बागमती गाउँपालिकामा मतदाता नामावली संकलन कार्य भइरहेको बताइन् । ढकालका अनुसार उक्त स्थानीय तहमा माघ ५ गतेसम्म संकलन कार्य जारी रहने छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुर र निर्वाचन कार्यलयबाट पनि मतदाता नामावली दर्ता गर्न सकिने अधिकारीले बताइन् । १६ वर्ष उमेर पुरा भएका नेपाली नागरिकले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न सक्छन् ।

निर्वाचन कार्यालयले मतदाता नामावलीमा नाम समावेश गर्न छुट भएकाहरूलाई स्थानीय तहमै मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न अनुरोधसमेत गरेको छ ।

काँग्रेस नगर सभापतिको जन्मदिन अनाथ अपाङ्गसँग

साझाकुरा संवाददाता

हेटौंडा/ नेपाली काँग्रेस हेटौंडा उपमहानगर सभापति उत्सव इटेनी विहीबार केही काँग्रेस नेता कार्यकर्तासहित हेटौंडा-१४ स्थित अनाथ अपाङ्ग बाल पुनर्स्थापना केन्द्र पुगे । बौद्धिक अपाङ्गता र अनाथ बाल-बालिकाहरुलाई आश्रय दिइरहेको केन्द्रमा सभापति इटेनी पुग्दा त्यहाँको कार्यसमिति र अश्रितहरु सबै खुशी भए ।

आफ्नो ५० औं जन्मदिन मनाउन केन्द्र पुगेका सभापति इटेनीले केन्द्रको लागि एक वर्षको इन्टरनेट सुविधाबरावरको १६ हजार रुपियाँ भुक्तानी गरिदिनुका साथै बालबालिकाहरुको लागि पोशाकसमेत उपलब्ध गराइदिए । कुल १९ आश्रित केन्द्रको आय आर्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले उनले करिब चार लाख रुपियाँ लगानीमा तरकारी खेती गर्ने टनेल बनाइदिने घोषणा गरेसँगै उनीहरुमा खुशीको सञ्चार भएको हो ।

जन्मदिनमा अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आफूले केन्द्रलाई सहयोग गरेर जन्मदिन मनाएको सभापति इटेनीले बताए । सभापति इटेनीको जन्मदिन मनाउन पत्नी ज्ञानु पौडेल इटेनी र छोराछोरीसहित नेपाली काँग्रेस मकवानपुर क्षेत्र नं. १ का संघीय सभापति दामोदर खनाल, क्षेत्र नं. २ का संघीय सभापति लोक मोक्तान, महाधिवेशन प्रतिनिधि तथा निवर्तमान नगर सभापति आनन्दराम पराजुली, महाधिवेशन प्रतिनिधि लक्ष्मी थिङ, नगर उपसभापति डोल्मा स्याङ्बो, नगर सचिवद्वय सविन न्यौपाने र हर्करत्न लामा, हेटौंडा १ नं. सभापति हरिकृष्ण महर्जन, १३ का सभापति आईमानसिं मुक्तान, १४ का सभापति मनोज थिङलगायत सहभागी थिए ।

आश्रितहरुको निरन्तर भरणपोषणको लागि आयआर्जनसंग सम्बन्धित काममा सहयोगको आशा रहेको केन्द्रका अध्यक्ष रामहरि कोइरालाले बताए । डेढ विगाह क्षेत्रफलमा फैलिएको केन्द्रमा हाल सानो टनेलमा तरकारी खेती र कुखुरा पालन भइरहेको छ । त्यसबाट आश्रितहरुको सेवामा केही टेवा पुगिरहेको अध्यक्ष कोइरालाले बताए ।

दुई पक्की सडक निर्माण सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४ मा बिहीबारबाट दुई वटा पक्की सडक निर्माणका लागि स्लाब ढलान सुरु गरिएको छ ।

हेटौंडा-४ को श्रमिकपथ र फनडेरी भएको सडकको उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले शिलान्यास गरेका हुन् । हेटौंडाको मुख्य बजार क्षेत्रका मूल सडकसंगै भित्रि सडकहरु पनि पक्की रुपमा निर्माणको काम भइरहेको मेयर महतले बताए ।

कुल ५६ लाख रुपैयाँ लागतमा दुइवटा सडकमा स्लाब ढलान गर्न लागिएको हो । पहिले कच्ची र धुलोउड्ने सडक पक्की हुन लागेपछी स्थानीय वासिन्दाहरु खुसी भएका छन् । कार्यक्रममा हेटौंडा-४ का वडा अध्यक्ष नविन सिग्देललगायतको आतिथ्यता रहेको थियो ।

तनावमुक्तका लागि प्रशिक्षक

साझाकुरा संवाददाता

हेटौंडा/ब्रह्मकुमारी राजयोग सेवा केन्द्र हेटौंडाको आयोजनामा तनावमुक्त जीवन एवम् आन्तरिक खुशी प्रशिक्षण कार्यक्रम भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकामा मेयर हरिबहादुर महतले सबैले तनावमुक्त जीवन जीउनका लागि आग्रह गरे ।

जनप्रतिनिधिहरुले धेरै तनाबमा काम गर्नुपर्ने भएकाले यस्ता कार्यक्रम झनै प्रभावकारी हुने मेयर महतको भनाइ छ ।

तनावका कारण आफैलाई समस्या हुने भएकाले यसमा बेलैमा सोच्नका लागि उनले आग्रह गरे । कार्यक्रममा ब्रमकुमारी राजयोग सेवा केन्द्र मकवानपुरका प्रमुख शुशीला दिदी, ब्रहमकुमार विजयराज सिग्देललगायतको आतिथ्यता रहेको थियो ।

हेटौंडामा बढ्न थाले कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर फेरि कोरोना संक्रमित बढ्न थालेका छन् ।

केहि महिना कोरोना संक्रमितको संख्या न्यून रहेको मकवानपुरमा स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा नगर्नेको संख्या अधिक भएसँगै कोरोना संक्रमण बढ्न थालेको हो । दैनिक २-३ जना संक्रमित थपिनेमा सीमित रहेको मकवानपुरमा बिहीबार एकै दिन ६ जनामा संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार जिल्लामा पछिल्लो २४ घण्टामा ३१ जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा ६ जना संक्रमित बढेका हुन् । स्वास्थ्य कार्यालयका अनुसार, सो अवधिमा २३ जनाको पीसीआर र ८ जनाको एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको हो ।

संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ४ जना, थाहा नगरपालिका र बागमती गाउँपालिकाका एक/एक जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ५ सय ५१ जना पुगेको छ ।

यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा थप २ जना संक्रमणमुक्त भएका छन् । विभिन्न मितिमा संक्रमण पुष्टि भएका २ जना आज संक्रमणमुक्त भएका हुन् । यससँगै जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार २ सय ८२ जना पुगेका छन् ।

जिल्लामा हालसम्म संक्रमणका कारण १६७ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहानगर पालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राबिसराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

भेटवालद्वारा ॐ बृद्धाश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-१९ बस्तीपर निवासी समाजसेवी हरिवंश भेटवालले पुस ८ गते परेको आफ्नो ७० औं जन्मदिनको अवसरमा बिहीबार हेटौंडा-२ चौकीटोलस्थित ॐ बृद्धाश्रमलाई आर्थिक सहयोग गरेका छन् ।

जन्मदिनको अवसरमा बृद्धाश्रममा आश्रितहरुको भोजन-लगायत अन्य क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले पाँच हजार पाँच रुपियाँ नगद सहयोग गरिएको हरिवंश भेटवालका ज्येष्ठ सुपुत्र गणेशप्रसाद भेटवालले जानकारी दिए । परिवारका सदस्यहरुको जन्मदिनको अवसरमा विभिन्न सामाजिक संघ संस्थाहरुलाई सहयोग गर्दै आएको भेटवाल परिवारले यसअघि ॐ वृद्धाश्रममा विविध सहयोग पुऱ्याइसकेको वृद्धाश्रमका अध्यक्ष सिद्धीलाल श्रेष्ठले जानकारी दिए ।

बिनाकानून पौडेलेलाई सुविधा

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले कानुनबिनै सरकारी सेवासुविधा लिएका छन् ।

बागमती प्रदेशमा पूर्वमुख्यमन्त्री तथा मन्त्रीहरूलाई कुनै पनि सेवा सुविधा उपलब्ध गराउने कानुनी व्यवस्था छैन ।

४२ महिना बागमती प्रदेश सरकारको नेतृत्व गरेका पूर्व मुख्यमन्त्री पौडेलले प्रदेशका पूर्व मुख्यमन्त्री तथा मन्त्रीहरूलाई सेवासुविधा उपलब्ध गराउने सम्बन्धमा कुनै पनि ऐन कानुन बनाएका छैनन् । तैपनि पूर्वमुख्यमन्त्री पौडेलले कानुनबिना नै सरकारी सेवासुविधा उपभोग गरिरहेका छन् ।

गत भदौ २ गते बागमती प्रदेशको मुख्यमन्त्री पदमुक्त पौडेलले सोही वेलादेखि हालसम्म प्रदेश सरकारबाट आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सरकारी गाडी, सुरक्षा गार्ड (पिएसओ) र सवारीचालकको सुविधा लिइरहेका छन् ।

पौडेल पदमुक्त भएपछि एमालेबाट आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका केशव पाण्डेले केही समयका लागि प्रयोग गर्न भन्दै पौडेललाई मन्त्रालयको गाडी उपलब्ध गराएका थिए ।

सो गाडी पूर्व मुख्यमन्त्री पौडेलले पाँच महिनासम्म पनि फिर्ता नगरेर प्रयोग गरिरहेका छन् । मन्त्रालयका उपसचिव तथा प्रवक्ता नारायण पोखरेलले कुनै पनि कानुनी निर्णय तथा सहमतिबिना नै पौडेललाई गाडी उपलब्ध गराइएको र हालसम्म फिर्ता नभएको बताए ।

४० जना पत्रकारलाई आधारभूत पत्रकारिता तालिम

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा हेटौंडामा सात दिने आधारभूत पत्रकारिता तालिम बिहिबारबाट सुरु भएको छ ।

युरोपियन युनियन र पत्रकार महासंघको संयुक्त सहकार्यमा मकवानपुरका ४० जना पत्रकारलाई आधारभूत पत्रकारिता तालिम आयोजना गरिएको हो । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षता तथा केन्द्रीय समितिका पूर्वअध्यक्ष धर्मेन्द्र झाको प्रमुख अतिथ्यतामा तालिमको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा महासंघ मकवानपुरका पूर्व अध्यक्ष प्रताप विष्ट, सल्लाहकार बालकृष्ण अधिकारी, प्रदेश महासंघ महासचिव कृष्णसारु मगरले आफ्नो भनाइ राखेका थिए । कार्यक्रममा मकवानपुर महासंघका पूर्वअध्यक्ष नवराज शर्मा, कौशल पाण्डे, राममणि दहाल, भानुभक्त आचार्य, हरि हुमागाई, महासंघ केन्द्रीय समितिका कार्यक्रम प्रवन्धक संघर्ष पन्त, इन्टरनेशनल एलर्टका वरिष्ठ कार्यक्रम अधिकृत विजय क्षेत्रीको आतिथ्यता रहेको थियो ।

तालिम दुई सिप्टका सञ्चालन हुने जनाइएको थियो । तालिमको मुख्य प्रशिक्षकमा पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झा रहेका छन् ।

सितु बचत तथा ऋण सहकारी संस्था लि.को

११ औं बार्षिक साधारणसभा सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस सहकारी संस्था लि.को मिति २०७८ पौष १० गते ११ औं वार्षिक साधरण सभा आयोजना गरिने भएको हुँदा उक्त कार्यक्रममा गरिमामय सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछु ।

प्रस्तुत हुने विषयहरु :

१. समितिका बिभिन्न पदीय प्रतिवेदन तथा मन्तव्य ।
२. लेखा समितिको प्रतिवेदन ।
३. आ.ब.२०७७/०७८ को लेखापरीक्षण गर्ने प्रतिवेदन ।
४ ऋण उप-समितिको प्रतिवेदन ।
५. विविध ।

कार्यक्रम हुने मिति, स्थान र समय

- स्थान: नेपाल भाषा खल: को सिद्धिदास हल ।
- समय: बिहान ११ बजे ।

महारत्न बज्राचार्य (अध्यक्ष)

सितु बचत तथा ऋण सहकारी संस्था लि.

भिन्तुनापथ, हेटौंडा-१, मकवानपुर

HETAUDA CITY HOSPITAL PVT.LTD.

Hetauda-1, Sub-metropolitan

Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Medical Officer	1	Min Rs. 35000	MBBS
2	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
3	Lab Technologist	1	18000-25000	BMLT/NHPC registered
4	CMA/ANM	Few	Negotiable	TSLC
5	Receiptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

***www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।**

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं,
पाठकको चाहनालाई मध्यनजर गर्दै
परिष्कृत ढंगले अघि बढ्दैछौं ।

पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. को

१२ औं बार्षिक साधारणसभा सम्बन्धि सूचना

यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधरणसभामा तपशिल बमोजिम हुने भएकोले सम्पूर्ण सदस्यज्यूहरुमा उपस्थितिका लागि पत्राचार समेत गरिएको जानकारीका लागि अनुरोध गर्दै सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ । कोभिड-१९ महामारीको जोखिमकै कारण मिति २०७८ साल पुस १४ गतेदेखि पुस १७ गते सम्म सेयर सदस्यज्यूहरुलाई कार्यालय समयमा उपस्थित भई दिनुहुन तथा आवश्यक सल्लाह, सुझाव समेत प्रदान गर्नुहुन पनि अनुरोध गरिन्छ ।

तपशिल

मिति: २०७८ साल पुस १४ गतेदेखि १७ गतेसम्म।
समय: कार्यालय समयमा ।
उद्घाटन कार्यक्रम :२०७८ साल पुस १४ गते ।
समापन कार्यक्रम: २०७८ साल १७ गते ।
स्थान: सहकारी कार्यालय ।

प्रेमलाल श्रेष्ठ (अध्यक्ष)

पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा -४ कान्तिराजपथ

(०५७-५२६७४१)



गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७०७१६६४, ९८५५०३१६६४

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना